# "प्रधानमन्त्री रोजगार कार्यक्रमबाट जिवन परिवर्तन"

**पदम बहादुर पाण्डे**
**मोबाइल नं. ९८४७१००१०३**

म पदम बहादुर पाण्डे, मेरो जन्म एक सामान्य परिवारमा वि.स.२०३३।१०।१४ गते बिहिबार रिब्दीकोट गा.पा. वडा नं. ३ सिरुखर्क टोल सिमलगैरा भन्ने ठाउँमा भएको हो । मेरो जन्म हुँदा परिवार संख्या ९ जना थियो । मेरो परिवारको आर्थिक स्थिति कमजोर थियो । जागिर गरी पैसा कमाउने व्यक्ति कोही थिएनन् खाली सामान्य कृषि पेशा, कोही बाहिर मजदुर गर्दै मेरो पारिवारिक जीवन चलेको थियो । पैसाको अभावले गर्दा मेरा दाई दिदीहरु पढ्ने राम्रो शिक्षा लिने अवसरबाट बञ्चित हुनु पर्‍यो । मैले जसतस गरी ९ कक्षा पास गरे । हाल मेरो परिवारमा २ छोरी, १ छोरा, श्रीमती र म गरी जम्मा ५ जनाको परिवार रहेको छ । ३ छोराछोरीले पढ्दै छन् भने श्रीमती र म कृषि पेशा तथा दैनिक ज्यालादारीमा संलग्न छौ । मेरो वार्षिक आम्दानी रु २५०००।- हुन्छ भने कृषि पेशाबाट धौ धौले २।३ महिना खान पुग्छ ।

त्यस्तै गरी कही कतैबाट मिसन अस्पतालमा जागिरको सूचना प्रकाशन भएको थाहा पाए अनि निवेदन पनि दिए र सफल पनि भए । मलाई उक्त अस्पतालको मर्मत शाखामा दैनिक ज्यालादारीमा काम गर्ने अवसर प्राप्त भयो ।
बिस्तारै मिसन अस्पतालकै अर्को विभाग लन्ड्री हाउस किपिङ्ग विभागमा काम गर्ने मौका पाए । मिति २०५५।४।१ गते देखि लन्ड्री हाउस किपिङ्ग क्लिनरको काम शुरु गरेको ६ महिना परीक्षण काल पुरा गरे । त्यसपछि म  स्थायी नियुक्ति सहित सम्पूर्ण सेवा सुविधाहरु पाउन थाले । म खुशीसाथ आफ्नो काम गर्दै गए ।  एक वर्ष पूरा काम गरिसकेपछि मलाई मेरो कामको क्षमता, अनुशासन, इमान्दारीता आदि सबै हेरी मेरो स्तरबृद्धि गरी हाउस किपिङ क्लिनरको इन्चार्जको थप जिम्मेवारी थपियो । पुनः युनाइटेड मिसन अस्पतालको लन्ड्री हाउस किपिङ्ग विभागको सुपरभाइजर पदको जिम्मेवारी पाए र आफ्नो काम कर्तव्य अनुसार काम गर्दै गए मलाई काम गर्दा कुनै समस्या बाधाहरु पनि आएनन् र मैले सानो काम देखि ठूलो जिम्मेवारी पाएको र मलाई सबै कामको बारेमा अनुभव पनि भएकोले कामगर्न सजिलो भयो । अचानक मलाई विदेश जाने इच्छा जाग्यो र वि.सं. २०६५।११।१ गतेका दिन राजिनामा दिई मिति २०६५।१२।१ गतेका दिन राजिनामा स्वीकृत भई विदेशको चक्करमा लागे । अनि म धेरै महिनापछि दुबई (विदेश) गए तर **सोचे जस्तो रहेनछ जिन्दगी भने झै १ वर्ष मै नेपाल** फर्किए । त्यसपछि घरमा पसल गर्न शुरु गरे त्यसबाट पनि सफल हुन सकिन ।

वि.स.२०७५ साल तिर जागिरमा भौतारिएको बेला प्रधानमन्त्री रोजगार कार्यक्रम देशको ७५३ वटै स्थानीय तहमा कार्यान्वयन हुन लागेको सुन्दा अब केही अवसर पाइएला भन्ने सोचका साथ हर्ष विभोर भए । गाउँपालिका स्थित रोजगार सेवा केन्द्रमा आ.व २०७६।०७७मा सूचीकृत भएमा कामका लागि पारिश्रमिक आयोजनामा काम गर्न पाइने कुरा वडा नं. ३ को सूचना प्रकाशन भएको कुरा जानकारी पाए । सोही अनुरुप वडामा सम्पर्क गरी बेरोजगार निवेदन फर्म भरे । आ.व. २०७६।०७७ मा साठीहाते छिहिरो तथा नाली निर्माण सामुदायिक आयोजनामा उपभोक्ता समितिको मुख्य पद सचिवको नेतृत्व लिएर ३० दिनको ५१७-दरले आयोजनामा श्रम बापतको पारिश्रमिक/ज्याला रकम रु १५५१०।-मा कर कट्टी गरी रु १५,३५५।- प्राप्त गरेको थिए । त्यसबाट प्राप्त रकमले ३ वटा बाखा खरिद गरी व्यवसायिक रुपमा बृद्धि गर्दै जाने सोचका साथ अगाडि बढे । गत वर्षको ३ वटा बाखाबाट २ वटा पाठा उत्पादन भयो । अहिले

२ वटा खसी बिक्री गरी रु ३०,०००।- आम्दानी गरे । कोभिड १९ को महामारीको बेलामा जुन रकमबाट घरायसी प्रयोजनको लागि नुन, तेल, चामल तथा स्वास्थ्य उपचारको समेत राहत मिल्यो ।



**आयोजनामा काम गरेको अवस्था (टिमुरको बिरुवा लगाउदै र छिहिरो संरक्षण गर्दै )**

आ.व. २०७७।०७८को लागि पुनः सूचिकृत भई नाली निर्माण तथा आयमूलक बृक्षारोपण रोजगार उपभोक्ता समितिको अध्यक्षको पदमा ११ जनाको नेतृत्व तथा जिम्मेवारी लिई म आफू पनि श्रम गर्न खटिए । त्यस आयोजनामा मैले १०० दिनको रोजगारी गरी ५१७-का दरले रु ५१७००।- मा कर कट्टी गरी बाँकी रकम रु ५११८३।- प्राप्त गरे । प्राप्त रकमबाट हाल कागती, सुन्तला, लिची जातका १०० वटा फलफूलका बिरुवा लगाएको छु । साथै ३ वटा बाखा समेत थपेको छु । यसबाट मलाई दिर्घकालिन स्वरोजगार सिर्जना भई आर्थिक बृद्धि गर्न टेवा मिल्नेछ भन्ने उद्देश्यका साथ अगाडि बढेको छु । साथै कोभिड १९ को महामारीको बेलामा जुन रकमबाट घरायसी प्रयोजनको लागि नुन, तेल, चामल तथा स्वास्थ्य उपचारको लागि समेत राहत मिल्यो । आगामी दिनमा दिर्घकालिन स्वरोजगार सिर्जना गर्नको लागि सीपमूलक सिकर्मी, डकर्मी, प्लम्बिङ, इलेक्ट्रिक तालिमको आवश्यकता रहेको महशुस गरेको छु ।

आर्थिक वर्ष २०७८।०७९ मा नाली निर्माण तथा गोरेटोबाटो श्रममुलक योजनामा मेरो श्रीमती वर्षा पाण्डे उपभोक्ता समितिको अध्यक्ष पद सम्हादै १०० दिनको रोजगारीमा संलग्न भइन । सो आम्दानीले छोराछोरीलाई अध्यापन गराउन धेरै सहज भयो । वास्तवमा यो कार्यक्रमले न्युन वर्गका मानिसलाई चुलोमा आगो बाल्न साथै शिक्षा स्वास्थ्यमा समेत सहयोग पुऱ्याएको छ । आगामी दिनमा बेरोजगार शिक्षित युवा युवतीको समेत मन मष्तिस्क  छुने, क्षमता अनुसारको रोजगारको अवसर र समय सापेक्ष पारिश्रमिक/ज्याला पाइनेछ भन्ने उच्च अभिलाषाका साथ दैनिकी अगाडि बढाएको छु । मेरो कामबाट जीवनमा आएको परिवर्तनले मेरो गाउँ टोल र समुदायमा **श्रमको सम्मान** गर्नुपर्छ भन्ने भावना समेत सिर्जना भएको छ ।

गत आ.व.मा श्रममुलक योजनामा काम गरेको रकमले बीउ पूजिको रुपमा तरकारी खेती, भैसी, बाख्रा पालन गर्न सहयोग पुऱ्याएको हुँदा चालु आ.व. २०७९।८० मा आफ्नै कृषि तथा पशुपालन पेशामा लागेको हुँदा प्रधानमन्त्री रोजगार कार्यक्रमको श्रममुलक योजनामा सहभागी हुन नसकेको अवस्था छ ।



स्रोत





बाखापालन र फलफूल बिरुवा लगाउँदै गरेको अवस्था

उक्त बाखा बिक्री गरी आएको आम्दानीबाट घरखर्च चलाउन सहज वातावरण सिर्जना भएको छ । मेरो काम प्रति जति बेला पनि हौसला प्रदान गर्ने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष सहित कार्यक्रमका रोजगार संयोजक प्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछु ।

**स्रोत संकलक/विश्लेषक**

रोजगार सेवा केन्द्र

रिब्दीकोट गाउँपालिका, पाल्पा